# खुला दिसा मुक्त गाउंपालिका घोषणा कार्यक्रम प्रगति प्रतिवेदन

**(Open Defecation free Rural Municipality Declaration Program Progress Report)**

२०७६

**स्थानीय सरकार**

# ईन्द्रावती गाउंपालिका

**गाउं कार्यपालिकाको कार्यालय**

नवलपुर, सिन्धुपाल्चोक

“एक घर, एक चर्पी पूर्ण भयो हाम्रो अभियान, स्वच्छ सफा र सुन्दर ईन्द्रावती गाउँपालिकाको पहिचान” खुला दिसा मुक्त ईन्द्रावती गाउँपालिका घोषणा प्रमाणीकरण कार्यक्रम

**प्रगति प्रतिवेदन**

श्रीमान प्रमुख अतिथिज्यू, अतिथिज्यूहरु, उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु, सवै जनप्रतिनिधिज्यूहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत सवै राष्ट्रसेवक कर्मचारीहरु, विभिन्न संघ संस्थाका प्रमुख एवं प्रतिनिधिज्यूहरु, पत्रकार, संचारकर्मी, सुरक्षा निकाएका प्रमुख एवं प्रतिनिधिहरु, विद्यालयका प्रधानध्यापकज्यूहरु लगायत उपस्थित सम्पूर्ण महानुभावहरु सवैमा यस समिति तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत एवं नमस्कार छ ।

## १. कार्यक्रमको परिचय:

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०६८ साल श्रावण १९ को निर्णयबाट स्वीकृत सरसफाइ गुरुयोजना, २०६८ लाई नेपाल सरकार, विकास साझेदार, स्थानीय सरकार एवं समुदायको सहकार्यमा उक्त गुरुयोजनाको कार्यान्वयन मार्फत देशमा खुला दिसा मुक्त अवस्था हासिल गर्न तथा सहस्राब्दी विकास लक्ष्यलाई प्राप्त गरी गुरुयोजनाको लक्ष्य अनुसार सन २०१७ सम्ममा आधारभूत सरसफाइ सुविधामा सम्पूर्ण नेपाली जनताको पहुँच पु-याउने लक्ष्य नेपाल सरकारले लिएको थियो तर सम्वत २०७२ सालको विनासकारी भुकम्प तथा वाढी पहिरो एवं तराइ डुवान लगायतका विपद्को कारण सो राष्ट्रिय लक्ष्य पुरा हुन सकेन । यद्यपी विपद् पछि कमजोर सरसफाइका कारण हाम्रो समुदायले अर्को विपद् भोग्नु नपरोस भनेर सरसफाइका क्रियाकलापहरुलाई सामाजिक रुपान्तरण अभियानको रुपमा अगाडी वढाउनु पर्ने आवश्यकता महसुस गरी अस्थायी वासस्थान सगै चर्पी निर्माण गर्ने र पुन:निर्माण कार्यलाई दुत्रतर गति प्रदान गर्ने गरी कार्य अगाडी वढाइएको थियो ।

सरसफाइ गुरुयोजनाले लिएको लक्ष्यलाई पुरा गर्न सिन्धुपाल्चोक जिल्लाले पनि जिल्लाको सरसफाइको रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याएको थियो । नेपाल सरकारको नीति अनुरुप यस जिल्लालाई पनि सन २०१७ भित्र खुला दिसा मुक्त क्षेत्र घोषणा गर्ने लक्ष्य लिएको थियो । तदअनुरुप यस ईन्द्रावती गाउँपालिका गठन पूर्वका साविकका केही गाविसहरुले खुला दिसा मुक्त गाविस घोषणा समेत गरी सवै घरधुरीमा आधारभूत तहसम्मको सरसफाइको पहुँच सुनिश्तिता गरिसकेको अवस्थामा सम्वत २०७२ सालको विनासकारी भुकम्पको दुखद अवस्थाले यस गाउँपालिका क्षेत्रका अधिकांस समुदाय घरबार विहिन हुन पुगे भने कयौं घरपरिवारले साविकको टोल बस्ती छोडेर अन्यत्र स्थानमा बसोबास गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो । यसै क्रममा नेपालको संविधान जारी भै

शासकीय व्यवस्था र राज्य पुनः संरचना अनुरुप ३ तहको सरकार भयो । यस पालिका साविकका ७ वटा गाविकासहरुलाई मिलाएर १२ वटा वडा सहितको ईन्द्रावती गाउँपालिका गठन भयो ।

बास्तवमा सरसफाइ गुरुयोजना २०६८ मा तोकिए बमोजिम पूर्ण सरसफाइको अवस्थाको पछिल्लो चरणमा खुला दिसा मुक्त अवस्थामा पुग्नका लागि पुनः सवैको पहल आवश्यक प-यो र पहल कदमी भयो । फलस्वरुप भुकम्प पछिको पुनः निर्माण अन्तिम चरणमा पुगेको छ । निजी आवास पुनः निर्माण सगै शौचालयहरुको पनि निर्माण भएका छन । सामुदायिक संस्था, स्वास्थ्य चौकी, विद्यालयहरुको निर्माण सगै शौचालयहरु पनि निर्माण भएका छन । निर्माणका कार्य बाँकी भएका स्थानहरुमा पनि निर्देशिका बमोजिम अस्थायी शौचालयहरु भएका कारणले आज हामी खुला दिसा मुक्त गाउँपालिका घोषणा गर्न सफल भएका छौं । यस अभियानमा सहयोग पु-याउनु हुने सवै जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारीहरु, संघसंस्था, विद्यालयहरु, सामुदायिक समितिहरु एवं पालिकाबासीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

समयको क्रमसगैं सरसफाइ तथा स्वच्छतामा काम गर्ने संघसंस्था गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति, अनुगमन समिति, सामुदायिक स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयम सेवीका लगायतका अन्य व्यक्तित्वहरुको घरधुरी सर्वेक्षण, पटक पटकको भेटघाट तथा शौचालनको निर्माण र प्रयोग सम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गरी खुला दिसा मुक्त क्षेत्र घोषणा गर्न पाउदा हामी अत्यन्तै हर्सित भएका छौं ।

## २. गाउँपालिकाको संक्षिप्त परिचय ऐतिहासिक पृष्टभुमि र नामाकरण:

ईन्द्रावती गाउँपालिका नेपालका प्रशासनिक विभाजन अनुसार प्रदेश नं.३ मा पर्दछ । ईन्द्रावती गाउँपालिका भौगोलिक हिसाबले ८६°११’१९” देखि ८६°२५’५०” र पूर्व देशान्तरसम्म २७°३३’४८” देखि २७°४६’२६” उत्तरी अक्षांशसम्म प्रकृतिको मनोरम उपहार जुगल हिमाल शिर र छङछङ मन मुग्ध आवाज दिँदै बग्ने ईन्द्रावती नदीको काखमा प्राकृतिक मनोरम संरचना सहित हिमाली क्षेत्रमा अवस्थित छ । १०५.११ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस ईन्द्रावती गाउँपालिकाको उत्तरमा पाँचपोखरी थाङपाल र जुगल गाउँपालिका पश्चिमतर्फ मेलम्ची नगरपालिका, दक्षिणमा काभ्रेपलाञ्चोक जिल्ला र पूर्वमा चौतारा साँगचोकगढी नगरपालिका र जुगल गाउँपालिका रहेका छन् ।

नेपाल सरकारको निर्णय अनुसार मिति २०७३/११/२२ गते साविकका गाविसहरु सिम्पालकाभ्रे, कुन्चोक, नवलपुर, वाँडेगाउँ, सिपापोखरे, भोटसिपा र भिमटार गाविसहरु समेटेर ईन्द्रावती गाउँपालिका घोषणा गरीएको थियो । राष्ट्रिय जनगणना, २०६८ अनुसार ईन्द्रावती गाउँपालिकाको जनसंख्या २८,५१७ रहेको छ जस मध्ये पुरुष ४६.९१ प्रतिशत (१३,३७६ जना) र महिला ५३.०९ प्रतिशत (१५,१४१ जना)

रहेको यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ । राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार सबैभन्दा बढी तामाङ्ग जाति ७४१४ जना (२६ प्रतिशत), दोस्रोमा ब्राम्हण (पहाडी) ४२४३ जना (१५.०२ प्रतिशत) र तेस्रोमा क्षेत्री ४२८४ (१४.६७ प्रतिशत) हरुको बसोबास रहेको छ । यस गाउँपालिकामा १२ वडाहरु रहेका छन् । शैक्षिक हिसावमा यस गाउँपालिकामा सामुदायिक १४ वटा मा.वि, ३७ वटा आधारभूत गरी जम्मा ५१ वटा शिक्षण संस्थाहरु संचालित छन् ।

सिन्धुपाल्चोक जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरु मध्ये ईन्द्रावती गाउँपालिका विकासका सम्भावना बोकेको गाउँपालिका रहेको छ । साथै सचेत राजनैतिक दल र उत्प्रेरीत गाउँपालिकावासी समेत यो गाउँपालिकाको दीगो विकासको विकासका श्रोतका रुपमा रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य श्रोतहरुमा व्यापार व्यवसाय, साना उद्योग, सेवा, नोकरी हुन् । यसको साथै वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमशः आधुनिक कृषि प्रणाली र जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूतदेखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था रहेका छन् । प्राविधिक शिक्षा र माथिल्लो तह अध्ययनका लागि यस गाउँपालिकाका स्थानीय विद्यार्थीहरु अन्य छिमेकी नगरपालिका तथा जिल्लामा जाने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयन तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ ।

## ३. भौगोलिक अवस्थिति:

ईन्द्रावती गाउँपालिका भौगोलिक हिसाबले ८६°११’१९” देखि ८६°२५’५०” र पूर्व देशान्तरसम्म २७°३३’४८” देखि २७°४६’२६” उत्तरी अक्षांश सम्म अवस्थित छ । यो गाउँपालिका समुद्री सतहबाट ६५४ मिटर उँचाईदेखि २८३५ मिटर सम्मको उँचाईमा अवस्थित छ । सिन्धुपाल्चोक जिल्लामा अवस्थित १०५.११ व.कि.मी. क्षेत्रफल रहेको यस ईन्द्रावती गाउँपालिकाको उत्तरमा ईन्द्रावती गाउँपालिकाको उत्तरमा पाँचपोखरी थाङपाल र जुगल गाउँपालिका पश्चिमतर्फ मेलम्ची नगरपालिका, दक्षिणमा काभ्रेप्लाञ्चोक जिल्ला र पूर्वमा चौतारा साँगचोकगढी नगरपालिका र जुगल गाउँपालिका रहेका छन् । पहाडी क्षेत्रमा पर्ने गाउँपालिकाको खेतियोग्य उर्वर जमिनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा बस्ती

विकासको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ । जंगल र जलाधारक्षेत्रको कमि नभएको यस गाउँपालिकाको परिसरमा सानाठूला गरी धेरै खोला तथा नदीहरु रहेका छन् ।

## ४. राजनैतिक तथा प्रशासनिक केन्द्र:

सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयार गरेको नमुना वमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्री संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गाविसहरु सिम्पालकाभ्रे, कुन्चोक, नवलपुर, वाँडेगाउँ, सिपापोखरे, भोटसिपा र भिमटार समेटेर १२ वटा वडाहरु कायम गरिएको हो । हाल ईन्द्रावती गाउँपलिकाको संरचना यस प्रकार रहेको छ ।

### ईन्द्रावती गाउँपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका सविक गा.वि.स.रन.पा. | सविकको वडा नं. |
|---|---|---|
| १ | सिम्पालकाभ्रे | १-९ |
| २ | कुन्चोक | १-४ |
| ३ | कुन्चोक | ५-९ |
| ४ | नवलपरु | १-९ |
| ५ | वाँडेगाउँ | ४,६-९ |
| ६ | वाँडेगाउँ | १-३,५ |
| ७ | सिपापोखरे | १,४-८ |
| ८ | सिपापोखरे | २,३,९ |
| ९ | भोटसिपा | १-४ |
| १० | भेटसिपा | ५-९ |
| ११ | भिमटार | १,९ |
| १२ | भिमटार | २-८ |

## ५. चर्पीको आधारमा पारिवारको विवरण:

सम्वत २०७५ सालमा गाउँपालिकाले पालिका स्तरीय विभिन्न क्षेत्रको यथार्थ तथ्यांक निकाल्नका लागि घरधुरी तथ्यांक संकलन सर्वेक्षण कार्यक्रम संचालन गरेको थियो । यस सर्वेक्षण अनुसार यस ईन्द्रावती गाउँपालिकाको जनसंख्या २८४९२ रहेको छ भने ७२२४ घरधुरी रहेका छन । जस मध्ये ७०३८ (९७.४ प्रतिशत) घरधुररी मा विभिन्न प्रकृतिका शौचालयको निर्माण भएको छ भने १८६ अर्थात २.६ प्रतिशत घरधुरीहरुमा शौचालयहरु निर्माणको चरणमा रहेको पाइएको छ । साथै विस्तृत रुपमा देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ ।

**परिवारले प्रयोग गर्ने चर्पीको प्रकारको आधारमा परिवारको विवरण**

| वडा न. | फ्लस भएको (सार्वजनिक ढल) | | फ्लस भएको (सेप्टिक ट्याङ्क) | | साधारण चर्पी | | सामुदायिक चर्पी | | निर्माणको चरणमा रहेको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 2 | .3% | 594 | 97.1% | 11 | 1.8% | 0 | 0.0% | 5 | .8% | 612 | 100.0% |
| 2 | 4 | .7% | 566 | 97.8% | 6 | 1.0% | 3 | .5% | 0 | 0.0% | 579 | 100.0% |
| 3 | 2 | .4% | 460 | 88.5% | 44 | 8.5% | 4 | .8% | 10 | 1.9% | 520 | 100.0% |
| 4 | 1 | .1% | 805 | 89.9% | 60 | 6.7% | 16 | 1.8% | 13 | 1.5% | 895 | 100.0% |
| 5 | 0 | 0.0% | 653 | 81.3% | 77 | 9.6% | 10 | 1.2% | 63 | 7.8% | 803 | 100.0% |
| 6 | 5 | .9% | 497 | 93.1% | 24 | 4.5% | 5 | .9% | 3 | .6% | 534 | 100.0% |
| 7 | 0 | 0.0% | 537 | 81.1% | 120 | 18.1% | 2 | .3% | 3 | .5% | 662 | 100.0% |
| 8 | 0 | 0.0% | 200 | 51.7% | 177 | 45.7% | 1 | .3% | 9 | 2.3% | 387 | 100.0% |
| 9 | 0 | 0.0% | 386 | 90.0% | 34 | 7.9% | 2 | .5% | 7 | 1.6% | 429 | 100.0% |
| 10 | 4 | .6% | 480 | 68.6% | 211 | 30.1% | 4 | .6% | 1 | .1% | 700 | 100.0% |
| 11 | 2 | .5% | 319 | 79.0% | 37 | 9.2% | 14 | 3.5% | 32 | 7.9% | 404 | 100.0% |
| 12 | 2 | .3% | 620 | 88.7% | 35 | 5.0% | 2 | .3% | 40 | 5.7% | 699 | 100.0% |
| जम्मा | 22 | .3% | 6117 | 84.7% | 836 | 11.6% | 63 | .9% | 186 | 2.6% | 7224 | 100.0% |

*स्रोत: घरधुरी तथ्यांक संकलन सर्वेक्षण, २०७५*

## ६. खानेपानी तथा सरसफाइको महत्व:

खानेपानी तथा सरसफाई सेवाले मानव जिवनमा बहुआयामिक प्रभाव पार्दछ । त्यसैले यस सेवालाई नेपालको संविधानले मौलिक हकको रुपमा व्यवस्था गरेको छ । साथै, अन्तराष्ट्रिय रुपमा समेत दिगो विकास लक्ष्यले खानेपानी तथा सरसफाई सम्वन्धी स्पष्ट लक्ष्यहरु निर्धारण गरेको छ । नेपालमा व्यवस्थित खानेपानी प्रणालीको शुरुवात वि.सं. १९५१ मा वीर धारावाट सुरु भएको हो । हालसम्म ८८ प्रतिशत जनसंख्यालाई आधरभुत स्तरको र २० प्रतिशत जनसङख्यालाई सुधारिएको (उच्च तथा मध्यम

स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको अवस्था छ । सरसफाइ तर्फ हालका वर्षहरुमा उल्लेख्य प्रगति भै ९८ प्रतिशत घरधुरीले आधारभुतस्तरको सरसफाई सेवा उपयोग गरिरहेका छन । यसबाट बालमृत्युदर कम गर्न तथा सरदर आयु वृद्धि गर्न सहयोग पुगेको, नागरिकको समग्र स्वास्थ्य स्थितिमा सुधार भै उत्पादनशील समयमा वृद्धि भएको तथा सामाजिक रहनसहन र बालबालिकाको विद्यालय उपस्थिति दरमा उल्लेखनीय सुधार गर्न योगदान पुगेको छ ।

## ७. ईन्द्रावती गाउँपालिका क्षेत्रभित्र पूर्ण सरसफाइको अभियान:

ईन्द्रावती गाउँपालिका क्षेत्रभित्र पूर्ण सरसफाइको अभियान अन्तर्गत पहलो चरणको खुला दिसा मुक्त गाउँपालिका क्षेत्र घोषणा गर्न साविकका गाविसहरु एवं राज्य पुनः संरचना पश्चात गाउँपालिकाले संचालन गरेको सरसफाइ अभियानहरु देहाय बमोजिम रहेका छन ।

- वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन तथा सरसफाइको रणनीतिक योजना तयार
- घरधुरी तथ्यांक संकलन सर्वेक्षण, २०७५ मार्फत सरसफाइको आधारभूत तथ्यांक संकलन
- सवै विद्यालयहरुमा खानेपानी तथा शौचालयको व्यवस्था
- गाउँपालिका, वडा कार्यालय, विद्यालय तथा स्वास्थ्य चौकी एवं महिला स्वास्थ्य स्वयम सेवीकाहरुको परिचालन मार्फत सरसफाइका अभियानका कार्यक्रम
- यस गाउँपालिकाका प्रत्येक घरमा शौचालय निर्माण गरी घोषणाको लागि जिल्ला स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट मिति २०७६ साल श्रावण २७ गते मा भएको अनुगमन
- गाउँपालिकाबाट वडा स्तरीय विभिन्न वस्ती तथा टोलमा निर्माण गरिएका खानेपानीका संरचना

## ८. खुला दिसा मुक्त क्षेत्रभित्र लागु हुन आचारसंहिता:

आचारसंहिता लागू हुने क्षेत्र

| | |
|---|---|
| पूर्व | : चौतारा साँगाचोकगढी नगरपालिका |
| पश्चिम | : मेलम्ची नगरपालिका |
| उत्तर | : पाँचपोखरी थाङपाल र जुगल गाउँपालिका |
| दक्षिण | : काभ्रेपलाञ्चोक जिल्ला |

१. यस गाउँपालिकाका सवै वडाहरु खुला दिसामुक्त वडाहरु हुन । यस खुला दिसामुक्त क्षेत्रभित्र कसैले खुला दिसा गर्न पाउने छैन ।

२. परिवारका अशक्त तथा वृद्धवृद्धाहरुको जिम्मा सम्बन्धित घर परिवारले लिनु पर्नेछ । यो गाउँपालिकामा पाल्नुहुने सम्पूर्ण अतिथी महानुभावहरुलाई दिसापिसाब गर्नुपरेमा समुदायमा रहेका चर्पी प्रयोग गर्नसक्नु हुनेछ ।

३. कुनै घरपरिवारले शौचालयको सेफ्टी ट्यांङ्गी खोली प्रदुषण गराएमा निज परिवारलाई १ बर्ष सम्म गाउँपालिकाले दिनुपर्ने सेवा सुबिधामा कटौती वा रोक्का गर्नेछ । सो प्रदुषण रोक्न लाग्ने खर्च प्रदुषक परिवारबाट असुल गरिनेछ । सूचना दिनेको नाम गोप्य राखिनेछ ।

४. हामी खोला, नदी, पानीका मुहान, धारा, बाटो, धार्मिक तथा अन्य सार्बजनिक स्थल एवं सरकारी, गैर सरकारी, विद्यालय क्षेत्र सधै सफा सुघर राख्नेछौं ।

५. खाना तयार गर्नु, खानु र खुवाउनु अघि चर्पी प्रयोग गरेपछि फोहर चिज छोएपछि साबुन पानीले हात मिचिमिचि धुनेछौं ।

६. प्लाष्टिक जन्य र घरबाट निस्कने सबै प्रकारका फोहरहरु निश्चित स्थानमा व्यवस्थित रुपले बिसर्जन गर्नेछौं ।

७. हामीले प्रयोग गर्ने बाटो देखि लिएर आफ्नो आगन, भान्सा कोठा सधै सफा सुघर राख्नेछौं ।

८. घरपालुवा पशुपंक्षीलाई व्यवस्थित रुपमा पालन गरी त्यसबाट निस्केका फोहरलाई राम्रोसँग व्यवस्थापन गर्नेछौ ।

९. समुदायमा धेरै मानिसहरु जमघटहुने अवस्था, साँस्कृतिक मेलापर्वमा अस्थायी शौचालय निर्माण गरी प्रयोग गर्नेछौं ।

१०. नयाँ घर निर्माण गर्दा अनिवार्य रुपमा शौचालय निर्माण गर्नेछौं ।

११. गाउँपालिका क्षेत्रभित्र रहेका सार्बजनिक स्थलहरु, बिद्यालय, स्वास्थ्य चौकी, सामुदायिक भवन, लगायत अन्य सरकारी एवं गैरसरकारी संस्थाहरुले अनिवार्य रुपमा चर्पी प्रयोग गर्नेछौं ।

१२. घरपरिवार तथा स्थानीय टोलबाट सरसफाइ अभियानलाई निरन्तर अगाडि बढाउनेछौं ।

१३. राष्ट्रिय तथा स्थानीय तहले सरसफाइ र स्वच्छता सम्बन्धी तय गरेका नीतिगत व्यवस्थाहरुको परिपालन गर्न प्रतिबद्ध हुनेछौं ।

१४ यसको स्थानीय सरसफाइ स्वच्छता समितिबाट कडाइका साथ अनुगमन गराउनेछौं ।

१५. गाउँपालिका स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिको नेतृत्वमा सामूदायिक परिचालक, स्वयंसेवीका, व्यवसायी, बिद्यालय, क्लब एवं आमा समूहको परिचालन गरी हाम्रा निकायहरुमा पूर्ण सरसफाइ सूचक प्रबर्द्धन गराई घर तथा वातावरण क्रमशः स्वच्छ सफा बनाउदै यस पालिकालाई पूर्ण सरसफाइयुक्त गाउँपालिका बनाउनेछौं ।